## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २४ गते शनिबार ❑ 9 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


# गण्डकीमा चार हजार 'किशोरी आमा'

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

कानुनले २० वर्षअगावै विवाह गर्न बर्जित गरेको छ । बालविवाह रोक्नका लागि सरकारले पनि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । तर यसको न्यूनीकरण भने हुनसकेको छैन । सानै उमेरमा विवाह गर्ने र बच्चा जन्माउनेको सङ्ख्या ठूलो छ । गण्डकी प्रदेशका ११ वटै जिल्लामा उमेर नपुग्दै विवाह गर्ने र बच्चा जन्माउनेको सङ्ख्या उस्तै छ । यस प्रदेशमा पछिल्लो दुई वर्षमा कुल ३९ हजार १२ ९ जना सुत्केरी हुँदा चार हजार २५५ जना २० वर्षमुनिका किशोरी छन् ।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका अनुसार २० वर्षमाथिका सुत्केरी हुने महिलाको सङ्ख्या ३५ हजार ८७४ छ । यस अवधिमा सबैभन्दा कास्कीमा सुत्केरी हुनेको सङ्ख्या बढी छ । कास्कीमा १० हजार ८९५ जना सुत्केरी हुँदा एक हजार ३६८ जना २० वर्षमुनिका किशोरी छन् । यो अवधिमा सबैभन्दा कम मनाङमा सुत्केरी भएका छन् ।

यस जिल्लामा १५ जना महिला सुत्केरी हुँदा एक जना २० वर्षमुनिका किशोरी रहेको स्वास्थ्य निर्देशनालयले जनाएको छ । आर्थिक वर्ष २०८०/८१ मा कुल २१ हजार १२७ सुत्केरी भएकामा २० वर्षमुनिका दुई हजार २७४ किशोरी छन्भने २० वर्षमाथिका १८ हजार ८५३ रहेको स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका महानिर्देशक खिमबहादुर खड्काले जानकारी दिनुभयो । आव २०८१/८२ कुल १८ हजार दुई जना सुत्केरी भएकामा २० वर्षमुनिका एक हजार ९८१ जना किशोरी छन् । बीस वर्षमाथिका १६ हजार २१ जना महिला रहेको उहाँको भनाइ छ । पछिल्लो दुई वर्षमा बागलुङमा चार हजार छ ४२ जना सुत्केरी भएका छन् । जसमा २० वर्षमुनिका छ सय ६९ जना किशोरी छन् । पर्वतमा कुल एक हजार १५५ जना सुत्केरी भएकामा एक सय ९१ किशोरी छन् । म्याग्दीमा एक हजार ४१८ जना सुत्केरी भएकामा दुई सय ९३ जना २० वर्षमुनिका किशोरी छन् । मुस्ताङमा ९० जना सुत्केरी भएकामा छ जना २० वर्षमुनिका किशोरी छन् । त्यसैगरी, स्याङ्जामा एक हजार ८८७ जना सुत्केरी भएकामा दुई सय ४२ जना २० वर्षमुनिका किशोरी छन् । तनहुँमा दुई हजार ५८ जना सुत्केरी हुँदा तीन सय ४३ जना २० वर्षमुनिका किशोरी रहेका छन् । लमजुङमा दुई हजार १६१ जना सुत्केरी भएकामा २० वर्षमुनिका दुई सय ३५ किशोरी छन् । गोरखामा तीन हजार २३ जना सुत्केरी भएकामा चार सय एक जना २० वर्षमुनिका किशोरी छन् । नवलपुरमा दुई हजार ६५८ जना सुत्केरी भएकामा पाँच सय छ जना २० वर्षमुनिका किशोरी रहेको स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशले जनाएको छ । गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले बालविवाह रोक्नका लागि सरकारले सबै स्थानीय तहसँग सहकार्य गरेर चेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । कानुनले नै बालविवाहलाई बर्जित गरेको हुँदा यस्तो विवाह गराउनेलाई कानुनी दायरामा ल्याउने काम गरेको उहाँको भनाइ छ ।

प्रदेश सरकारले बालबालिकालाई स्वास्थ्य सचेतना र बालविवाह न्यूनीकरणसम्बन्धी कार्यक्रम निरन्तर गरिरहेको मन्त्री पाठक बताउनुहुन्छ । विद्यालय तहबाट नै यौन शिक्षा दिने, स्कुल नर्सको सहयोगमा विभिन्न कार्यक्रम पनि सञ्चालन भइरहेको उहाँको भनाइ छ । धवलागिरि प्रादेशिक अस्पतालका स्त्रीरोग विशेषज्ञ डा विजय ओझाले २० वर्ष उमेर नपुग्दै बच्चा जन्माउँदा किशोरीहरूको शरीर पूर्ण रूपमा विकास नभएकाले गर्भ धान्न गाह्रो हुने बताउनुभयो । सुत्केरी हुने समयमा शारीरिक बनावट पर्याप्त नहुँदा शल्यक्रिया गर्नुपर्ने सम्भावना बढी हुने उहाँको भनाइ छ । बच्चा जन्माउँदा अत्यधिक रक्तश्राव हुने खतरा बढी हुने डा ओझा बताउनुहुन्छ । कम तौलका बच्चा जन्मिने, अपुग तौलले बच्चालाई दीर्घकालीन स्वास्थ्य समस्या पर्ने र किशोरावस्थामै जन्माएको बच्चाको अङ्ग पूर्ण विकास नभएकाले गम्भीर स्वास्थ्य समस्या देखिने उहाँको भनाइ छ । उमेर नपुगी आमा बनेपछि सामाजिक दबाब, लाज, डर आदिका कारण मानसिक स्वास्थ्यमा असर पर्ने डा ओझाले बताउनुभयो । बीसदेखि ३४ वर्षको बीचमा बच्चा जन्माउनका लागि उत्तम उमेर रहेको उहाँको भनाइ छ । सानै उमेर विवाह गरेर बच्चा जन्माउँदा घरेलु हिंसा बढी हुनसक्ने उहाँले सुनाउनुभयो ।

नेपालको मुलुकी देवानी संहिता २०७४ ले २० वर्ष पूरा नभई विवाह गर्न बन्देज गरेको छ । मुलुकी अपराध संहिता ऐन, २०७४ ले उमेर २० वर्ष नपुगी कसैले विवाह गरे वा गराएमा विवाह स्वतः बदर हुनेछ । साथै कसुर गर्ने जोकोही व्यक्तिलाई तीन वर्षसम्म कैद र रु ३० हजारसम्म जरिवाना हुने कानुनी व्यवस्था गरिएको छ ।

# आदिवासी जनजातिको आत्मसम्मानका लागि कांग्रेस संवेदनशील छः सभापति देउवा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आदिवासी जनजातिको आत्मसम्मानका लागि कांग्रेस संवेदनशील रहेको बताउनुभएको छ ।

एकतीसौँ विश्व आदिवासी दिवसका अवसरमा नेपाली कांग्रेस निकट नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घले आयोजना गरेको कार्यक्रममा सभापति देउवाले आदिवासी जनजातिको आत्मसम्मानका लागि संविधानमै व्यवस्था गरिएको बताउनुभएको हो । पूर्वप्रधानमन्त्री देउवाले सामाजिक परिवर्तनका लागि सबैले हातेमालो गर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशी सिद्धान्तअनुरूप उपलब्धिहरू नयाँ संविधानमार्फत प्राप्त भएको उल्लेख गर्नुभयो । सभापति देउवाले संविधानको प्रस्तावनामा नै अनेक प्रकारका विभेद, उत्पीडनको अन्त्य गरी आर्थिक समानता, समृद्धि, सामाजिक न्याय राखेर अहिले त्यसको कार्यान्वयन भइरहेको स्पष्ट पार्नुभयो ।

उहाँले आदिवासी जनजाति सङ्गठित रूपमा आफ्नो अधिकारका लागि अगाडि बढेको बताउनुभयो । सभापति देउवाले राजनीतिकसँगै सामाजिक र आर्थिक विकासमा एकजुट भएर अगाडि बढ्नु आवश्यक रहेको उल्लेख गर्नुभयो । कांग्रेसले आदिवासी, जनजातिको परम्परा र वेशभूषालाई संरक्षण र संवर्द्धन गर्दै आइरहेको उहाँको भनाइ थियो ।

# कास्कीमा नेपाल प्रेस युनियनको सदस्यता अभियान सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन



नेपाल प्रेस युनियन कास्कीले सय दिने सदस्यता अभियान सुरु गरेको छ ।

नयाँ सदस्य संख्या वृद्धि र पुराना सदस्यलाई सक्रिय र व्यवस्थित बनाउने उद्देश्यसहित नेपाल प्रेस युनियनले साउन १५ देखि सदस्यता अभियान सुरु गरेको थियो । सोही कार्यक्रम अन्तर्गत कास्की शाखाले केन्द्रीय अध्यक्ष शिव लम्सालको उपस्थिती यो अभियान सुरु गरेको हो ।

अभियानमा केन्द्रीय अध्यक्ष लम्सालले कास्कीमा क्रियाशील पत्रकारहरु विमलप्रसाद तिवारी (रुपन्देहीबाट स्थानान्तरण), सागर ढकाल, भानुभक्त पाण्डे, रिदेश सुनार, सुजन पौडेल र विनोद पहारीलाई सदस्यता दिएर अभियानको शुभारम्भ गरेका हुन् । कार्यक्रममा अध्यक्ष लम्सालले पत्रकारहरुको आर्थिक, सामाजिक लगायतका पक्षमा सवलीकरण गर्न नेतृत्व गर्ने बताए । प्रेस स्वतन्त्रत र अभिव्यक्ति स्वतन्त्रताको लडाईमा प्रेस युनियन सधै अग्रमोर्चामा रहने उनले दाबी गरे । अध्यक्ष लम्सालले प्रेस युनियनले सदस्यहरुलाई अप्ठ्यारो पार्ने गरी शुद्धीकरण अभियानसमेत सञ्चालन नगरेको बताए । 'सय


बाँकी अन्तिम पृष्ठमा ▶▶


# चितुवापीडितलाई ३७ लाख

**पोखरापत्र संवाददाता**
दमौली, २३ साउन

तनहुँमा वन्यजन्तुबाट क्षति भएका सर्वसाधारणलाई डिभिजन वन कार्यालय तनहुँले करिब ३७ लाख राहत वितरण गरेको छ । डिभिजन वन कार्यालय तनहुँले मानवीय र पशुधनको क्षतिवापत रु ३६ लाख ९३ हजार चार सय ३९ राहत वितरण गरेको हो ।

आर्थिक वर्ष २०८१/८२ मा चितुवाको आक्रमणबाट मृत्यु भएका तीन बालबालिकाको परिवार र वन्यजन्तुबाट क्षति भएका पशुधनको राहतपीडितलाई उक्त सहयोग गरिएको डिभिजन वन कार्यालय तनहुँका सूचना अधिकारी राजकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

चितुवाको आक्रमणबाट उक्त आर्थिक वर्षमा बन्दीपुर गाउँपालिकाका तीन जना बालबालिकाको मृत्यु भएको थियो । विसं २०८१ साउन ३ गते बन्दीपुर गाउँपालिका-५ कामीडाँडाका १३ वर्षीय सुन्दर कुमाल, चैत २९ गते बन्दीपुर गाउँपालिका-२ कामीडाँडामा १० वर्षीया अनुजा विक र गत जेठ २६ गते बन्दीपुर गाउँपालिका-२ कुवादीमा छ वर्षीय उत्सव गुरुङको चितुवाको आक्रमणबाट मृत्यु भएको थियो । मृतकका परिवारलाई जनही रु १० लाखका दरले राहत रकम प्रदान गरिएको सूचना अधिकारी श्रेष्ठले बताउनुभयो ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत वन्यजन्तुको क्षतिको राहत निर्देशिका २०६९ (संशोधित २०७५) बमोजिम वन्यजन्तुको आक्रमणमा परी सामान्य घाइते भएमा ५० हजारसम्म, गम्भीर घाइते भएमा दुई लाखसम्म र मृत्यु भएमा अधिकतम १० लाखसम्म उपलब्ध गराउने व्यवस्था छ । यस्तै चितुवाको आक्रमणबाट घाइते म्याग्दे गाउँपालिका-२ का मानबहादुर गर्जा मगरलाई उपचारका लागि रु एक लाख सात हजार र भालुको आक्रमणबाट घाइते भानु नगरपालिका-१२ का कल्पना गिरीलाई रु २४ हजार चार सय ३९ सहयोग गरिएको छ । चितुवाको आक्रमणबाट क्षति भएका पशुधनको राहतवापत रु पाँच लाख ६२ हजार वितरण गरिएको छ ।

सूचना अधिकारी श्रेष्ठका अनुसार त्यस अवधिमा चितुवाको आक्रमणबाट ४७ बाख्रा, एउटा भैंसी, १२ वटा गाईगोरु मरेका थिए ।

भानु, बन्दीपुर, आँबुखैरेनीमा चितुवाको आतङ्क छ । चितुवाको आक्रमणबाट पछिल्लो आठ वर्षमा १६ बालबालिकाले ज्यान गुमाएका छन् । डिभिजन वन कार्यालय तनहुँले चितुवाबाट जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन, एक्लै नहिँड्न, झाडी सफा गर्न तथा बच्चा तथा वृद्धहरुको विशेष ख्याल र रेखदेख गर्न आग्रह गर्दै आएको छ ।


## सम्पत्ति विवरण बुझाऔं

◆ सार्वजनिक पद धारण गरेको व्यक्तिले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण बुझाइसक्नु पर्छ,

◆ राजिनामा वा अनिवार्य अवकास भई सेवा निवृत हुनेले समेत सेवा निवृत्त हुने आ.व. सम्मको सम्पत्ति विवरण बुझाउनु पर्छ,

◆ प्रदेश वा स्थानीय तहमा रहेका सार्वजनिक पद धारण गर्ने व्यक्ति तथा कर्मचारीले आफू कार्यरत कार्यालयमार्फत सम्वन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पत्ति विवरण बुझाउनुपर्छ,

◆ करारमा कार्यरत कर्मचारीले कार्यरत निकायमै सम्पत्ति विवरण बुझाउनुपर्छ,


◆ सम्पत्ति विवरण बुझाउने दायित्व सम्वन्धित व्यक्तिको हो,

◆ समयमा सम्पत्ति विवरण नबुझाउनेलाई कानून वमोजिम जरिवाना हुन्छ ।

"त्यसैले समयमै सम्पत्ति विवरण बुझाऔं, सुशासनमा सहयोग गरौं।"

नेपाल सरकार
विज्ञापन बोर्ड





# बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि लगानी जुट्यो

रासस
गोरखा, २३ साउन

बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि लगानी जुटेको छ । साहस ऊर्जा मुख्य साझेदार रहेको टाइम्स इनर्जीले निर्माण गर्न लागेको कुल तीन सय ४१ मेगावाट क्षमताको आयोजनाका लागि १० वटा बैंकले लगानी गर्ने भएका हुन् ।

अनुमानित रु ७० अर्ब लागतमा निर्माण हुन लागेको आयोजनाका लागि रु ५२ अर्ब ५० करोड लगानी गर्न टाइम्स इनर्जी र बैंक तथा वित्तीय संस्थाबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौतापत्रमा टाइम्स इनर्जीका सुशील थापा र बैंकहरूको नेतृत्व गरेको नेपाल इन्भेस्टमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्योतिप्रकाश पाण्डेले हस्ताक्षर गर्नुभयो । सम्झौताअनुसार एनआइएमबीले रु १० अर्ब, नबिल बैंकले रु आठ अर्ब, लक्ष्मी सनराइज बैंकले रु आठ अर्ब र ग्लोबल आइएमई बैंकले रु सात अर्ब ऋण लगानी गर्ने भएका छन् । साथै हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसीएल)ले रु चार अर्ब, माछापुच्छ्रे बैंकले रु चार अर्ब, सिटिजन्स बैंकले रु तीन अर्ब, नेपाल इन्फ्रास्ट्रक्चर बैंकले रु तीन अर्ब, प्रभु बैंकले रु तीन अर्ब र कृषि विकास बैंकले रु दुई अर्ब ५० करोड ऋण लगानी गर्ने भएका छन् । सम्झौतापत्रमा पाँच वर्ष चार महिनाभित्र ऋण भुक्तानी गर्ने उल्लेख गरिएको छ ।

प्रवर्द्धक कम्पनी र नेपाल विद्युत् प्राधिकरणबीच विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) पनि भइसकेको छ । वर्षायामका लागि प्रतियुनिट चार रुपैयाँ ८० पैसा, सामान्य सुक्खायामका लागि आठ रुपैयाँ ४० पैसा र मुख्य सुक्खायामका लागि १० रुपैयाँ ५५ पैसामा बिक्री गर्ने गरी सम्झौता गरिएको छ । कुल २५ प्रतिशत लगाानी अर्थात् रु १७ अर्ब ५० करोड भने प्रवर्द्धक कम्पनीले स्वपुँजीका रूपमा लगानी गर्नेछ । टाइम्स इनर्जीमा साहस ऊर्जाको ५१ प्रतिशत सेयर स्वामित्व छ । परियोजनामा प्रतिमेगावाट रु २० करोड ५३ लाख लगानी हुनेछ । परियोजनाबाट वर्षायाममा १३०४.०४ गिगावाट, सामान्य सुक्खायाममा २४३.४३ मेगावाट र मुख्य सुक्खायाममा ३२०.३० गिगावाट विद्युत् उत्पादन हुनेछ । लगानी सम्झौता समारोहमा प्रवर्द्धक कम्पनी टाइम्स इनर्जीले आउँदो भदौबाट बाँध तथा पावरहाउस निर्माणका लागि जग्गा तयार गर्ने काम सुरु हुने र चैतबाट निर्माण सुरु गर्ने जानकारी दिएको छ । आयोजनाले २०८७ साल पुस १५ गतेदेखि विद्युत्‌को व्यावसायिक उत्पादन सुरु गर्ने लक्ष्य लिएको छ । उत्पादित विद्युत् ४५ किलोमिटर पर रहेको नुवाकोटको रातामाटे सबस्टेशनमा लगेर जोडिनेछ । सो सबस्टेशन मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)को सहयोगमा निर्माण भइरहेको छ । गोरखाको चुमनुब्री-३ सल्लेरीमा बाँध बनाएर ६.९ किलोमिटर सुरुङमार्फत पानी झारेर धार्चे गाउँपालिका-३ तातोपानीमा पावरहाउस निर्माण गर्ने कम्पनीले जनाएको छ ।

कम्पनीले यसअघि निजी क्षेत्रकै सबैभन्दा ठूलो ८६ मेगावाटको सोलुखोला दूधकोशी जलविद्युत् आयोजना निर्माण सम्पन्न गरिसकेको र दुई सय २८५ मेगावाट क्षमताको माथिल्लो तमोर जलविद्युत् आयोजना निर्माण गरिरहेको अनुभव छ । यो आयोजना निजी क्षेत्रबाटसञ्चालित अहिलेसम्मको ठूलो आयोजना हो ।

# जोखिमपूर्ण यात्रा नगर्न नगराउन होटल सङ्घ गण्डकीको अपिल

पोखरापत्र संवाददाता
पोखरा, २३ साउन

होटल सङ्घ नेपाल गण्डकीले होचो उचाइबाट छोटो अवधिमा नै पर्यटकलाई हिमाली क्षेत्रमा पुर्‍याउने गरी यात्रामा संलग्न नगराउन सरोकारवालासमक्ष अपिल गरेको छ ।

सङ्घका गण्डकी अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले आज विज्ञप्तिमा जारी गर्दै नेपालको सीमावर्ती तराई क्षेत्रबाट एकैदिनमा अन्नपूर्ण क्षेत्रका अग्ला गन्तव्यसम्म पर्यटकलाई पुर्‍याउँदा लेक लाग्नेलगायत जोखिम बढेको उल्लेख गर्नुभएको छ । पर्यटकलाई आराम गर्दै वातानुकूल हुँदै यात्रा गर्ने वातावरणका लागि सम्बन्धित ट्राभल एजेन्सी, टूर अपरेटर र सरोकारवालासमक्ष सङ्घले अपिल गरेको छ । "आफ्नै सवारी लिएर सानो समूहमा यात्रा गर्ने पर्यटकलाई समेत यस्तो जोखिमपूर्ण यात्रा नगराउन हामी सुझाव दिन चाहन्छौँ । यस्तो जोखिमपूर्ण प्रवृत्तिलाई न्यूनीकरण गर्न सरकारीस्तरबाट समेत आवश्यक पहल अगाडि बढाउन हाम्रो अनुरोध छ । यसले पर्यटकको सुरक्षाका अतिरिक्त पोखरामा पर्यटकको बसाइ अवधि लम्ब्याउन पनि मद्दत पुग्ने छ", विज्ञप्तिमा भनिएको छ ।

पर्यटनको राजधानी पोखरा हुँदै दैनिक हजारौँ पर्यटक विभिन्न ठाउँमा आवतजावत गर्ने गरेको उल्लेख गर्दै विज्ञप्तिमा पर्यटनको सन्दर्भमा मानव स्वास्थ्य र सुरक्षाको पाटो महत्त्वपूर्ण हुने विषय पनि स्मरण गराइएको छ । पछिल्ला दिनमा नेपालको दक्षिण सीमावर्ती क्षेत्र र तराईबाट पोखरा हुँदै एकैदिनमा मुक्तिनाथ पुगेर पोखरा फर्कने पर्यटकहरूको ठूलै सङ्ख्या भेटिन थालेको विषय उल्लेख गर्दै सङ्घले "होटल सङ्घ नेपाल, गण्डकी यस्तो प्रवृत्तिलाई प्रोत्साहन गरिनुहुन्न भन्ने पक्षमा रहेको छ ।

समुद्र सतहबाट एक सय मिटर हाराहारीको उचाइ रहेको तराई क्षेत्रबाट आठ सय मिटर उचाइको पोखरा उक्लिएर उही दिन तीन हजार ७१० मिटर उचाइको मुक्तिनाथ क्षेत्र पुग्नु मानव स्वास्थ्यका लागि निकै नकारात्मक कुरा हो", भनेको छ ।

होचो उचाइबाट एकैदिन एकतर्फी साढे तीन सय किलोमिटरभन्दा लामो अनि उचाइतिरको यात्रा पर्यटकका लागि अत्यन्त खतरनाक धपेडीपूर्ण मात्र नभई बर्खायामको रात्रि कुँदाई अन्यन्त जोखिमयुक्त पनि हुनसक्ने विज्ञिप्तमा भनिएको छ । यस्तो कार्यले एकातिर पर्यटकलाई लेक लागेर ज्यानै जानसक्ने जोखिम बढाएको छभने अर्कोतिर पर्यटन क्षेत्रप्रति अन्तरराष्ट्रिय रूपमा नकारात्मक सन्देश जाने खतरातर्फ पनि सङ्घले सचेत गराएको छ ।

तथ्याङ्कानुसार गत आर्थिक वर्षमा अन्नपूर्ण संरक्षण क्षेत्रका विभिन्न गन्तव्यमा १८ पर्यटकको लेक लागेर मृत्यु भएको थियो । मृत्यु हुनेमा छ नेपालीसहित आठ भारतीय, अमेरिका, जर्मन, कोरिया र स्वीटजरल्याण्डका एक-एक जना नागरिक रहेको तथ्याङ्क अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले बाहिर ल्याएको छ ।

यस्तै मुस्ताङ जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उक्त जिल्लामा मात्र २०८१ सालमा लेक लागेर ज्यान गुमाउनेमा आठ जना भारतीय, दुई नेपाली र एक जना अमेरिकी नागरिक रहेका छन् । यसरी ज्यान गुमाउने पनि भारतीय पर्यटककै सङ्ख्या बढी रहन गएको छ । केही दिनअघि काठमाडौँबाट हेलिकप्टरमा सिधै सगरमाथा क्षेत्र पुगेका एक अष्ट्रेलियाली पर्यटकलाई लेक लागेपछि काठमाडौँ फर्काइएको पनि सङ्घले उल्लेख गरेको छ ।

# मुस्ताङमा सांस्कृतिक पर्व तारा खेलको रौनक

पोखरापत्र संवाददाता
मुस्ताङ, २३ साउन

मुस्ताङमा परम्परागत तारा खेल हिमाली क्षेत्रको मौलिक सांस्कृतिक खेलको रुपमा लिने गरिएको छ । यहाँका वारागुङ मुक्तिक्षेत्रका गुरुङ समुदायले यार्तुङ र धज्याङलगायतका महत्वपूर्ण चाडपर्वमा तारा खेल खेलेर मनोरञ्जन लिने गर्छन् । यस्तै मुस्ताङको जोमसोमदेखि तलको क्षेत्रमा थकाली समुदायले फागुपूर्णिमाको बेला तोरन्ल ,तेरमी र त्युङ्ला जस्ता चाडपर्वमा तारा खेल खेल्ने प्रचलन छ । यहाँको गुरुङ र थकाली समुदायले आफ्नो विशेष महत्वपूर्ण चाडपर्वमा तारा खेललाई संस्कृतिसँग जोड्ने गरिएको पाइन्छ ।

पुरापूर्वकालमा हिमाली क्षेत्रमा बसोबास गर्ने जनजाती समुदायले शिकार खेल्दा प्रयोग गरिने ऐतिहासिक घरेलु हतियार नै धनुषवाण (तारा) खेलको रुपमा विकसित भएको यहाँका ज्येष्ठ नागरिक पाल्साङ गुरुङको भनाइ छ । पूर्वजहरुले सिकार खेल्दा प्रयोग गरिने धनुषबाण हतियारलाई पछिल्लो पुस्ताले सांस्कृतिक खेलको रुपमा अनुशरण गर्दैआइरहेको पाइन्छ ।



यहाँको वारागुङ मुक्तिक्षेत्र–१ पुराङ रानीपौवामा यार्तुङ मेला चलिरहेको छ । यही यसै अवसरमा यहाँ युवापुस्तालाई जोड्ने गरी परम्परागत धनुषबाण (तारा) प्रतियोगिता बुधबारदेखि सुरु भएको हो । यहाँका स्थानीय ८६ वर्षीय ज्येष्ठ नागरिक पाल्साङ गुरुङले आज धार्मिक परम्परा अनुसार धनुषवाण तारा खेलका लागि भेन काठको फलेकको पूजा गर्नुभएको हो । यहाँ सांस्कृतिक मान्यता अनुरुप भेन पूजा गरेलगत्तै विधिवत् रुपमा तारा प्रतियोगिता औपचारिक रुपमा शुभारम्भ भएको हो ।

जनप्रिय युवाक्लब पुराङ रानीपौवाले मङ्गलबारदेखि पाँचदिने यार्तुङ मेला सञ्चालन गरेको हो । यार्तुङ मेलाको अवसरमा आयोजित धनुषबाण (तारा) खेल प्रतियोगिता अवधिमा कुनै पनि प्रकारका अप्रिय दुर्घटना नहोस् भन्ने कामना गर्दै दूध , दही, घ्यू र छ्याङ मदिरा लगायत परिकार चढाएर भेन काठको फलेकमा पूजा गरेर प्रतियोगिता सुरु गरिएको जनप्रिय युवाक्लबका अध्यक्ष कैसाङ ठोक्या ठकुरीले जानकारी दिनुभयो । उहाँका अनुसार तारा प्रहार गर्दा तीर अड्किने काठको फलेकलाई स्थानीय भाषामा (भेन) भन्ने गरिएको बताउँनुभयो । धनुषबाण ताराखेल प्रतियोगिता डोर अङ्क तालिका अनुसार सञ्चालन गर्ने गरिन्छ । यहाँका गाउँगाउँ र क्लबहरुको टिम समावेश गरी खेल सञ्चालन हुन्छ । दायाँबायाँ दुईतर्फी धनषबाण प्रहार गरेपछि एक डोर सकिन्छ । धनुषबाण प्रहार गर्दा भेन अर्थात काठको फ्रेममा तीर लागेमा एक अङ्क प्राप्त हुन्छ ।

फ्रेमको मध्यभागमा रहेको सानो गोलाकार फलामको रिङमा तिर प्रहार गरेमा त्यसलाई खोल गएको मान्यता दिइन्छ । यसरी रिङमा तिर प्रहार गर्ने व्यक्तिले अतिरिक्त पुरस्कार पाउँछ ।

यहाँ आयोजित मुक्तिनाथ ग्राण्ड यार्तुङ मेलामा आयोजित धनुषबाण प्रतियोगितामा कूल १६ टिमको सहभागिता रहेको जनप्रिय युवाक्लबले जनाएको छ । क्लबका अनुसार छिमेकी जिल्ला मनाङबाट तीन टिम र मुस्ताङबाट १३ टिमको सहभागिता रहेको जनाइएको छ ।

प्रतियोगिता १५ डोरमा खेलाइने छ । कूल एक सय ५० पूर्णाङ्क रहेको प्रतियोगितामा जुन टोलीले सर्वाधिक अङ्क प्राप्त गर्छ, सोही टोली च्याम्पियन हुने क्लबको भनाइ छ ।

यार्तुङ मेला तारा खेल प्रतियोगिताको विजेतालाई नगद एकलाख पुरस्कारसहित सिल्ड मेडल, ट्रफी र प्रमाणपत्र पाउने छन् । धनुषबाण तारा खेलको उपविजेता समूहले नगद रु ६० हजार र तेस्रो हुने समूहले नगद ३० हजारसहित मेडल र प्रमाणपत्र हात पार्नेछ ।

# राष्ट्रिय भुतपूर्व सैनिक तथा प्रहरी संगठनको परिचयात्मक कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २३ साउन

राष्ट्रिय भुतपूर्व सैनिक तथा प्रहरी संगठनले पोखरामा सदस्य भेटघाट तथा परिचयात्मक कार्यक्रम सम्पन्न गरेको छ ।



केन्द्रीय समितिले आयोजना गरेको कार्यक्रमको उद्घाटन गर्दै कास्कीका प्रहरी प्रमुख एस पि श्याम बाबु ओलियाले समाजमा ब्याप्त विकृति, विसङ्गती र चोरी, डकैती नियन्त्रण गर्न सबै पक्षको भुमिका महत्वपुर्ण हुने बताउनुभयो। उहाँले यस संगठनको वृद्धि विकासको लागि आफु र प्रहरी संगठनले कुनै कसर बाँकी नराख्ने स्पष्ट पार्नुभयो । संगठनका केन्द्रीय उपाध्यक्ष क्या. लालकाजी गुरुङले समाज विकास र रुपान्तरणका लागि संगठनले महत्वपूर्ण भूमिका खेल्नु पर्नेमा जोड दिदैं सबै सदस्य जिम्मेवार बन्नु पर्ने बताउनुभयो। कार्यक्रममा संगठन गण्डकीका ईन्चार्ज खाम बहादुर केसी, केन्द्रीय सदस्य शान्ति गुरुङ, महानगर अध्यक्ष सुवेदार भोज वहादुर गुरुङ, पोखरा महानगर कमिटीका सचिव ईन्सपेक्टर बलराम पौडेल लगायतले नागरिकको सेवामा संगठनलाई अब्बल बनाउनुपर्ने बताए । उपाध्यक्ष क्याप्टेन लालकाजी गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सुवेदार केहरसिंह गुरुङले गरेका थिए । कार्यक्रममा केन्द्रिय कमिटी,प्रदेश कमिटी, जिल्ला कमिटी ,पोखरा महानगर कमिटीका विभिन्न पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको थियो ।

# कास्कीमा ...

दिने अभियान पत्रकार महासंघको शुद्धिकरण भनेजस्तै अठ्यारो नपर्ने गरी नेपालका पत्रकारहरुले यो संगठनमा बसेर काम गर्न सक्ने वातावरण बनाउनका निम्ति अभियान सुरु गरेका हौं', उनले भने, 'यसमा हामीले ठ्याक्कै शुद्धिकरण किन भनेनौ भने, विगतमा पत्रकार महासंघको शुद्धीकरणले अपठ् यारो पार्‍यो, तर हामी त्यो अपठ् यारोहरु नगरीकन हामी कसैले नरोक्ने, कसैले नछेक्ने स्वतः स्फुर्त रुपमा पत्रकारितामा जोडिने साथीहरुसँगै जान यो अभियान सुरु गरेका छौ ।' सदस्यता अभियानको क्रममा प्रेस युनियन छाड्न चाहने, पत्रकारिता छोडेर पार्टीमा लाग्न चाहने सदस्यहरुलाई व्यवस्थित गर्न यो अभियान सञ्चालन गरिएको अध्यक्ष लम्सालले स्पष्ट पारे । सदस्यता अभियानसँगै मंसिर दोस्रो हप्तासम्म विधान सभासमेत गर्ने प्रेस युनियनले तयारी गरेको छ । प्रेस युनियनले अन्तर्राष्ट्रिय पत्रकार महासंघ (आइएफजे) का सदस्यताका लागि काम भइरहेकाले छिट्टै प्रेस युनियनमा आवद्ध सदस्यहरुलाई आइएफजेको परिचयपत्र उपलब्ध गराउने उनले बताए । यस कार्यमा सदस्यता अभियानले पनि सघाउने लम्सालले सुनाए । प्रेस युनियन कास्कीका अध्यक्ष बासु मिश्रले सय दिने सदस्यता अभियानलाई कास्कीमा प्रभावकारी र व्यवस्थित बनाएर अघि बढ्ने बताए । यो अभियान गण्डकी प्रदेशमा बागलुङबाट सुरु भएपछि पर्वत र कास्कीमा पनि शुभारम्भ गरिएको हो ।

# नारायणस्थानमा चतुर्मास व्रत अनुष्ठान तथा श्रीमद्भागवत कथा

पोखरापत्र संवाददाता
पोखरा, २३ साउन

श्री लक्ष्मीनारायण मन्दिर, पोखरा महानगरपालिका वडा नं. ११, नारायणस्थानका पीठाधीश्वर अनन्त श्रीविभूषित श्रीमद्जगद्गुरु श्रीरामानन्दाचार्य स्वामी श्रीरामकृष्णाचार्य महायोगी सिद्धबाबा सद्गुरुदेवको पवित्र सत्संकल्पमा यसपटकको चतुर्मास व्रत अनुष्ठान तथा हिमालयन सिद्धमहायोग ध्यान साधना कार्यक्रम असार २७ गतेदेखि नियमित संचालन भइरहेको छ । यस अवसरमा श्रीकृष्ण जन्माष्टमीको पावन पृष्ठभूमिमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत श्रावण २४ गतेदेखि ३१ गतेसम्म



श्रीमद्भागवत महापुराणको भक्ति रसामृतमय कथा वाचन गरिने भएको छ । कथा वाचन भारतवर्षका विशिष्ट संतहरू श्रीमद् रामचरितमानस एवं विनय पत्रिकाका किंकर संगीताचार्य पण्डित डा. महेशदत्त शर्मा गुरुजी र श्री श्री १००८ श्रीवैष्णव महन्त श्री हरिशंकर दास वेदान्तीजी महाराजको श्रीमुखबाट हुनेछ ।

सप्ताहभर सञ्चालन हुने यस दिव्य आध्यात्मिक आयोजनामा बिहान ध्यान साधना, व्रत अनुष्ठान र बेलुका भजन-कीर्तन, सत्संग तथा गुरुदर्शन मार्फत सहभागीहरूले आत्मिक शान्ति, आध्यात्मिक उन्नति र गुरुकृपाको अनुपम लाभ प्राप्त गर्न सक्ने विश्वास गरिएको छ । मन्दिर परिवारले सम्पूर्ण श्रद्धालुज्यूहरूलाई स-परिवार उपस्थित भई यस पावन अवसरको लाभ उठाउन कलियुगको दुर्लभ सन्त समगम तथा कृष्णरसामृतमा डुबुल्की लगाएर जीव र जगतको बारेमा बुझ्न सादर आमन्त्रण गरेको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# धवलागिरिमा पहिलोपटक प्राविधिक शिक्षा पठनपाठन हुने

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ साउन

धवलागिरि बहुमुखी क्याम्पस बागलुङले पहिलोपटक प्राविधिक विषयमा पठनपाठन सुरु गरेको छ । व्यवस्थापन सङ्कायतर्फ त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूमा सर्वोत्कृष्ट बनेको क्याम्पसले यसवर्षदेखि प्राविधिक विषयमा पठनपाठन थाल्ने भएको हो ।

स्नातक तहमा यसै शैक्षिक सत्रदेखि प्राविधिक विषयको पठनपाठन सुरु भएको कार्यक्रम संयोजक शिव पौडेलले बताउनुभयो । उहाँका अनुसार साबिकको धौलागिरि क्षेत्रका चार जिल्लामा रहेका क्याम्पसमध्ये बिआइसिटिई कक्षा सञ्चालन गर्ने धवलागिरि पहिलो क्याम्पस हो । २१औँ शताब्दीको शिक्षक बन्ने विद्यार्थीको चाहना पूरा गर्ने, प्रविधि र शिक्षा दुवैमा दक्ष बनाउने अभियानअन्तर्गत प्राविधिक विषयमा पठनपाठन सुरु गरिएको पौडेलले बताउनुभयो । बिआइसिटिई कार्यक्रमले शिक्षणसँगै आवश्यक तथ्याङ्क विश्लेषणमा नविनतम् प्रविधिको प्रयोग गर्नसक्ने जनशक्ति तयार हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । 'डिजिटल' युगमा अत्यावश्यक सुरक्षा सीप र नेटवर्क व्यवस्थापनमा दक्ष जनशक्तिको उत्पादन धवलागिरिमा हुने उहाँले दाबी गर्नुभयो ।

बिआइसिटिई पढेका विद्यार्थी सरकारी तथा गैरसरकारी संस्थामा रोजगारीका लागि तयार हुनाका साथै स्वरोजगार समेत बन्न सक्ने भएकाले यसको माग बढेको उहाँले बताउनुभयो । उहाँका अनुसार क्याम्पसले विद्यार्थी र समयको मागलाई ध्यान दिएर प्राविधिक विषय पढाउन थालेको हो ।

# जेठो बुढो धानमा 'ब्लाष्ट' रोग देखियो

**पोखरापत्र संवाददाता**
पर्वत, २३ साउन

रोपेको महिना दिन नपुग्दै यहाँका विभिन्न स्थानमा पोखरेली जेठो बुढो धानमा ब्लाष्ट रोग फैलिएको छ ।

यहाँको फलेवास नगरपालिकाका-४ मुडिकुवा, वडा नं ५ खानीगाउँ, वडा नं ६ देवीस्थानलगायतका वडामा जेठो बुढो धानमा सो रोग फैलिएको हो । ब्लाष्ट रोगका कारण पात सुक्ने, डाँठ तथा जरा सुक्दै जाने समस्या देखिएको छ । गाँज राख्ने र सप्रिने बेलामा धानबालीमा समस्या देखिएपछि कृषक चिन्तित बनेका छन् । धान बालीमा आकस्मिक रुपमा रोग देखिएको फलेवास नगर कृषि सञ्जालका अध्यक्ष विनोद भुसालले जानकारी दिनुभयो ।

सयौँ रोपनी खेतमा ब्लाष्ट रोग देखिएपछि राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ बागलुङका प्राविधिकसहितको टोलीले स्थलगत अनुसन्धान सुरु गरेको छ । गत वर्ष गुबो कुहिने र ढुसी किराको प्रकोपले क्षति व्यहोरेका कृषकले यस वर्ष पुनः ब्लाष्ट रोगको सामना गर्नुपरेको छ ।

हाल फलेवासका तीन वटा वडामा बढी मात्रामा सङ्क्रमण देखिएको भए पनि अन्य वडाहरूमा समेत देखिन थालेको सञ्जालका अध्यक्ष भुसालले बताउनुभयो । उहाँले कृषि प्राविधिकसँग समन्वय गरेर सो रोगको निदानका लागि पहल भइरहेको बताउनुभयो । अन्य जातको धानमा भन्दा जेठो बुढोमा बढी सङ्क्रमण देखिएको छ । स्थलगत रुपमा पुगेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको प्राविधिक टोलीले राइस ब्लाष्ट र 'ट्राइसिक्लाजोल' नामको विषादी सिफारिस गरेका छन् ।

कार्यालयका प्राविधिक ललित सुनारले धानबालीमा देखिएको समस्याको निदानका लागि दुईवटा विषादी सिफारिस गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार एक ग्राम विषादी एक ग्राम पानीमा घोलेर छर्किएपछि एक सातामै सुधार आउने बताउनुभयो ।

गत वर्ष पनि यो रोगले सामान्य क्षति भएको थियो । कृषकहरूलाई विषादी निःशुल्क उपलब्ध गराइएको छ । कृषि ज्ञान केन्द्र पर्वतका सूचना अधिकारी सोविता सुवेदीले बर्खे बालीमा आउने समस्या समाधानका लागि स्थानीयतहको कृषि शाखाका साथै ज्ञान केन्द्र र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमबीच समन्वय र सहकार्य भइरहेको जानकारी दिनुभयो ।

# फोहरमैला प्रशोधन केन्द्रमा उपकरण जडान

**पोखरापत्र संवाददाता**
दमौली, २३ साउन

शुक्लागण्डकी नगरपालिका शुक्लागण्डकी-५ कसेरीमा फोहरमैला प्रशोधनका लागि आधुनिक यन्त्र उपकरण जडान सुरू गरिएको छ । लामो समयसम्म फोहरमैला व्यवस्थापनमा समस्या भोग्दै आएको नगरपालिकाले आधुनिक उपकरण जडान सुरू गरेको हो ।

फोहरलाई प्रशोधन गरेर मोहरमा बदल्न शुक्लागण्डकी नगरपालिका, ग्रिन रोड र सूर्य नेपाल प्रालिबीच त्रिपक्षीय सम्झौता भई काम अगाडि बढेको नगरपालिकाका उपप्रमुख खुमबहादुर विकले जानकारी दिनुभयो । सूर्य नेपालको लगानीमा आवश्यक थप पूर्वाधार निर्माणको कामसँगै फोहरमैला प्रशोधनका विभिन्न उपकरण ल्याइएको छ । असोजभित्र फोहरमैला प्रशोधन केन्द्र सञ्चालनमा ल्याउने तयारी गरिएको विकले बताउनुभयो । उहाँले भन्नुभयो, "प्रशोधन केन्द्र सञ्चालनमा आएपछि अहिलेजस्तो फोहर हुनेछैन । टोल विकास संस्थासँगको सहकार्यमा घरबाटै फोहर वर्गीकरण गरेर सङ्कलन गरिनेछ ।" गत वैशाख ११ गते शुक्लागण्डकी नगरपालिका, ग्रिन रोड र सूर्य नेपाल प्रालिबीच फोहरको व्यवस्थापनका लागि त्रिपक्षीय सम्झौता भएको थियो । सम्झौतालगत्तै कसेरीमा विभिन्न ११ युनिट निर्माणको काम धमाधम भइरहेको छ । 'भेर्मी कम्पोस्ट पिट', 'अर्ग्यानिक वेस्ट ओपन ट्रस्ट', 'डिस्पोजल वेस्ट ओपन ट्रस्ट', 'प्लेटिजिङ प्रोसेस सेन्टर', 'प्रिसटिङ एरिया', 'एक्जिटिङ प्रोसेस सेन्टर', विद्युतीय घर, शौचालय, भान्छा, क्यान्टिन हल, कार्यालय र सुरक्षाकर्मी घर निर्माण भइरहेको हो । दशवर्षे अवधिका लागि फोहरमैला व्यवस्थापनको त्रिपक्षीय सम्झौता भएको छ । सम्झौताअनुसार शुक्लागण्डकीलाई सूर्य नेपालले रु दुई करोड चार लाखको लगानी गरेको छ । त्यसबाट पूर्वाधार निर्माणसँगै फोहरमैला व्यवस्थापनका विभिन्न उपकरण खरिद गरेर जडान हुनेछ ।

शुक्लागण्डकीले फोहर व्यवस्थापनको जिम्मेवारी ग्रिन रोडलाई दिएको छ । शुक्लागण्डकी नगरपालिकाका वन, वातावरण तथा फोहरमैला व्यवस्थापन शाखाका इञ्जिनियर भीम सुवेदीले असोजदेखि फोहर प्रशोधनको काम सुरू गरिने जानकारी दिनुभयो । आर्थिक वर्ष २०७४/०७५ को बजेटबाट शुक्लागण्डकी नगरपालिकाले कसेरीमा फोहरमैला सङ्कलनका लागि ट्रष्ट निर्माण गरेको हो । ट्रष्ट निर्माणका लागि रु २४ लाख ७० हजार ८५१ खर्च भएको छ । त्यस्तै २०८०/८१ मा पनि कम्पाउण्ड र ट्रष्ट निर्माणमा रु ५२ लाख ५९ हजार ५३ खर्च भएको जनाइएको छ ।

आर्थिक वर्ष २०७५/७६ मा फोहरमैला सङ्कलन केन्द्रसम्म पुग्ने सडक स्तरोन्नति गर्न रु ५२ लाख खर्च भएको थियोभने गत आवमा फोहरमैला व्यवस्थापन केन्द्रमा सेती नदीले कटान गरेपछि करिब रु ४५ लाखको लगानीमा तटबन्धन गरिएको छ । शुक्लागण्डकी नगरपालिकाले हाल बजार क्षेत्रबाट सङ्कलित फोहर सेती नदी किनारमा फाल्दै आएको छ । केन्द्र सञ्चालनमा आएपछि फोहरमैला व्यवस्थापनमा सहज हुने नगरप्रमुख कृष्णराज पण्डितले बताउनुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नारेश्वर तालको बाँध र सिँचाइ ट्याङ्की निर्माण अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
दमौली, २३ साउन

जिल्लाका व्यास नगरपालिका-१० दुम्सीचौरमा निर्माण गर्न लागिएको नारेश्वरतालको बाँध र सिँचाइ ट्याङ्की अन्तिम चरणमा पुगेको छ । पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाले गौरवको आयोजनाका रूपमा राखेको नारेश्वर तालमा माटो फाली पानी भर्ने तयारी गरिएको हो ।

सिँचाइ डिभिजन कार्यालयमार्फत विगत लामो समयदेखि रोकिएको बाँध निर्माण यसवर्ष पूर्णता पाएसँगै तालमा माटो फाली पानी भर्ने काम सुरु गर्न लागिएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । नगरपालिकाद्वारा कार्यान्वयन गरिएको यो बहुउद्देश्यीय परियोजना २८ रोपनी क्षेत्रफलमा फैलिएको छ । तालमा जम्मा भएको माटो निकाल्ने, पानी जम्मा गर्ने तथा वरिपरि आवश्यक संरचना निर्माण अगाडि बढाइने उहाँले बताउनुभयो । तालसँगै यहाँबाट पानी तानेर जम्मा गर्ने ट्याङ्की पनि निर्माण गरिएको छ । आसपासका कृषकलाई आवश्यक सिँचाइका लागि पानी वितरण गरिनेछ । योसँगै स्थानीय कृषि उत्पादन वृद्धि हुने, पर्यटन विकासमा योगदान पुग्ने र वातावरणीय सन्तुलन कायम गर्न सहयोग पुग्ने नगरप्रमुख न्यौपानेले बताउनुभयो ।

व्यास नगरपालिकाको आयोजना र गण्डकी प्रदेश सरकारको साझेदारीमा करिब रु चार करोड अनुमानित लागतमा निर्माण भइरहेको यस परियोजना पूरा भएपछि व्यास नगरलाई कृषि, पर्यटन र वातावरणीय दृष्टिले नयाँ पहिचान दिलाउने अपेक्षा गरिएको उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "व्यास नगरपालिका यस परियोजनामार्फत कृषि, पर्यटन, रोजगारी र वातावरण संरक्षणमा समान रूपले योगदान पुऱ्याउने लक्ष्यसहित अगाडि बढिरहेको छ ।" नगरपालिकाले कृत्रिम ताल निर्माणका लागि स्थानीयवासीलाई जग्गाबापतको रु एक करोड ३७ लाख ८६ हजार ५०० मुआब्जा वितरण गरिसकेको छ । नारेश्वर खोलाको पानी थुनेर कृत्रिम ताल निर्माणका लागि २४ रोपनी ११ आना जग्गाका लागि स्थानीयवासीलाई मुआब्जा वितरण गरिएको नगरपालिकाले जनाएको छ । जग्गा अधिग्रहणबापत सिम र अब्बललाई प्रतिरोपनी रु पाँच लाख ५० हजारका दरले मुआब्जा वितरण गरिएको छ भने दोयमलाई प्रतिरोपनी रु पाँच लाख ७५ हजारका दरले मुआब्जा वितरण गरिएको जनाउँदै नगरप्रमुख न्यौपानेले २८ रोपनी क्षेत्रफलमा बाँध बाँधेर कृत्रिम ताल बनाउने योजना रहेको बताउनुभयो ।

ताल निर्माणका लागि रु एक करोड ८४ लाखको लागतमा ठेक्का सम्झौता गरिएको छ । विसं २०७५ पुस २० गते गण्डकी प्रदेशका तत्कालीन उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालले ताल निर्माणको सुरुआत गर्नुभए पनि काम अगाडि बढ्न सकेको थिएन ।

तीन सय मिटर लम्बाइ रहने तालको चौडाइ २८ देखि ६८ मिटरको रहने व्यास-१० का वडाध्यक्ष खेमराज पोखेलले जानकारी दिनुभयो । तालको औसत गहिराइ दुई दशमलव पाँचदेखि तीन मिटरको रहनेछ भने कङ्क्रिट ग्राभिटी ड्यामको संरचनामा ताल निर्माण हुनेछ । आठ मिटर बाँधको उचाइ रहने तालमा बाँधको चौडाइ छ दशमलव ८५ (जगमा) देखि एक दशमलव ५० मिटर (टुप्पोमा) रहनेछ । तालको क्षमता २५ हजारदेखि ३० हजार घनमिटरको रहने उहाँले जानकारी दिनुभयो ।

उक्त क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य राखिएको बताउँदै वडाध्यक्ष पोखेलले सोहीअनुसार कार्ययोजना बनाइ कार्यान्वयन भइरहेका उल्लेख गर्नुभयो । "ताल निर्माण भएसँगै यहाँका स्थानीयवासीले रोजगारीसमेत पाउनेछन्", उहाँले भन्नुभयो, "तालसँगै अन्य संरचना पनि निर्माण भएपछि पर्यटक आकर्षित गर्न सकिनेछ ।"

# प्रयोग हुन छाडेपछि खेर जाँदै भेडाको ऊन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ साउन



दुई दशकअघिसम्म यहाँको मालिका गाउँपालिका-३ खटेनकी ६५ वर्षीया पूर्णकला पटेललाई भेडाको ऊनबाट काम्लो, हरदुब्लो बुन्न भ्याइनभ्याइ हुन्थ्यो ।

"न्यानोका लागि ज्याकेट नहुँदासम्म हरदुब्लो ओड्ने गरिन्थ्यो । गलैंचाको विकल्पमा घरमा काम्लो बिछ्याउने, सिरकको विकल्पमा ओढ्ने चलन थियो", उहाँले भन्नुभयो, "सिरक, डसना, गलैंजा सहजै पाइन थालेपछि हाम्रा मौलिक सामग्री लोप हुन थाल्यो ।" परम्परागत राडी, पाखी, काम्लो, हरदुब्लोको प्रयोग घट्न थालेको र बजारमा बिक्री नहुँदा भेडाको ऊन कृषकले जङ्गलमै फाल्ने गरेका छन् । असार र कात्तिकमा ऊनले भेडालाई गर्मी हुने र बाह्य परजीविको सङ्क्रमण नहोस भनेर ऊन काट्ने गरिन्छ । बिक्री नहुने भएपछि घरायसी उपभोगबाहेकका ऊन जङ्गलमै फाल्ने गरेको अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारका भेडापालक कृषक कमल पाइजाले बताउनुभयो । "ऊन निकाल्ने आधुनिक औजारको अभावमा कैँचीको सहाराले काट्ने गरिन्छ", उहाँले भन्नुभयो, "सीपयुक्त जनशक्तिको अभावका कारण ऊनबाट कपडा बनाउने चलन हराउँदै गएपछि खपत पनि घटेको हो ।" ऊनबाट बुनेका मौलिक कपडा वातावरणमैत्री हुन्छ । म्याग्दीको गुर्जा, मल्कवाङ र कुइनेमङ्गलेमा बसोबास गर्ने अल्पसङ्ख्यक छन्त्याल समुदायको मौलिक पोसाक ऊनबाट बनेका कपडा हुन् । आर्थिक वर्ष २०७९/८० मा १८ हजार ५६७ भेडा रहेको म्याग्दीमा २०८०/०८१ मा घटेर १७ हजार ५६५ वटामा झरेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्याङ्क छ । अघिल्लो वर्ष ६१ हजार ४२४ वटा बाख्रा रहेको म्याग्दीमा २०८०/०८१ मा ६० हजार ४२३ मा झरेको केन्द्रका सूचना अधिकारी सुभाष रेग्मीले बताउनुभयो । ऊनको बजारीकरणमा समस्या भएको उहाँले बताउनुभयो । सामाजिक विकास कार्यालय म्याग्दीका प्रमुख तारानाथ सुवेदीले भेडाबाख्राको ऊनबाट सामान बनाउनेलगायत मौलिक सीपहरू लोप हुन नदिन समुदायस्तरमा अन्तरपुस्ता ज्ञान सीप हस्तान्तरण कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । रघुगङ्गा गाउँपालिका-६ ठाडाखानीका बासिन्दाले मौलिकता जोगाउन गाउँका सबैले ऊनका कपडा लगाउने गरेको वडासदस्य टेकजित छन्त्यालले बताउनुभयो ।

# विश्व बैंकको अनुदान प्राप्त सडक स्तरोन्नतिमा ढिलाइ

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ साउन

विश्व बैंकबाट अनुदान प्राप्त यहाँका व्यास र शुक्लागण्डकी नगरपालिकाका दुई सडक स्तरोन्नतिमा ढिलाइ भएको छ ।

सहरी विकास मन्त्रालयको सहरी शासकीय तथा पूर्वाधार विकास कार्यक्रममार्फत सञ्चालित ती सडक आयोजना निर्माणमा ढिलाइ भएको हो । चालु आर्थिक वर्षको पुस महिनाभित्र सम्पन्न हुने गरी काम गर्न बजेट विनियोजन गरिएको छ । व्यास नगरपालिकामा पराशर मार्ग र शुक्लागण्डकी नगरपालिकामा दुलेगौडा-लामागाउँ स्तरोन्नति भइरहेका छन् । ती सडक अस्फाल्ट प्रविधिबाट कालोपत्र गर्न सम्झौता भएको थियो । व्यासका वडा नं ७, ९, १० र ११ गरी चार वडालाई जोड्ने गरी चक्रपथ निर्माणका लागि खुलेका ती ट्र्याकमा स्तरोन्नति भइरहेको नगरपालिका प्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । निर्धारित पुस महिनासम्ममा काम पूरा गर्न नगरपालिकाले सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिएको छ ।

बुल्दीखोला-बेलटारी-फराकचौर-अधेरीभञ्ज्याङ-कुमालगाउँ-समता स्कुल-कलेस्ती जोडिने सो सडक खण्डमा १०.५५ किलोमिटर दूरी कालोपत्र हुनेछ । उक्त सडकको हालसम्म १८.२९ प्रतिशत मात्र काम भएको छ । विसं २०८२ असारसम्म सम्पन्न गर्ने गरी काम अघि बढाइएकोमा काम पूरा नभएपछि छ महिना म्याद थप भएको व्यास नगरपालिकाका सिनियर डिभिजन इञ्जिनियर डा राजु पौडेलले जानकारी दिनुभयो । सडक स्तरोन्नतिका लागि रु४० करोड ८३ लाख ३५ हजार ९२१ मा निर्माण कम्पनी बिकेएचटिडिसीएल एसिपिएल जेभी कालीमाटीसँग सम्झौता भएको थियो । त्यसैगरी दुलेगौंडा-लामागाउँ सडकखण्डमा ४५ प्रतिशत भौतिक प्रगति भएको छ । अबको ६१ दिनमा काम पूरा गर्ने प्रतिबद्धता निर्माण कम्पनीले जनाएको शुक्लागण्डकी नगरपालिकाका प्रमुख नगरप्रमुख कृष्णराज पण्डितले जानकारी दिनुभयो । यो सडक कालोपत्रका लागि निर्माण कम्पनीसँग नगरपालिकाले विसं २०८० चैत २५ गते सम्झौता गरेको थियो । मोटरमार्ग ७.१ किलोमिटर दूरी कालोपत्र गर्न थालिएको प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामगादेले जानकारी दिनुभयो । लामादेका अनुसार उक्त ठेक्काको रकम रु २७ करोड ३४ लाख ७९ हजार ८३४ रहेको छ । शुक्लागण्डकी-४ दुलेगौडाबाट सुरु हुने कालोपत्रले शुक्लागण्डकी ८, ९ र १२ वडालाई जोडिनेछ । दुलेगौडास्थित बिपीचोक, हेल्थपोष्टचोक, पुल्चोक, घारी, तालबैंसी, मालेबगर हुँदै लीलाचोकसम्म कालोपत्र हुनेछ ।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८२/०४/२१

कास्की जिल्ला मौजे सराङकोट २५/५० नं. का जि.मु. विष्णुहरि पाध्या पहारी जीम्मा १९९१ सालको पाखोतर्फको मोठ लगत उतार बमोजिम द.नं. ३७० मा खीमलाल पाध्या बरालको नाउँमा साविक दर्ता भएको, २०३२ सालसम्मको तिरो आमा देउमाया बराल्नीका नामबाट तिरेको, भु.सु. ७ नं. फाराममा शिव कुमार बरालको नामबाट लगत दिएको सर्भे नापीमा ग्यारजाती वडा नं. ८ कि.नं. ३९१ क्षे.फ. ०-९-२-१ विरहमा खर किसिममा चाहार भएको जग्गा फिल्डबुकमा देउमाया बरालको नाउँमा कायम भएको कि.का. भई दर्ता छुट हुन गएको, मेरी आमा देउमाया बरालको मिति २०३३/११/२८ मा मृत्यु भएको मृतकको श्रीमान शिव कुमार बरालको पनि मिति २०६२।०३।११ मा मृत्यु भएको मृतक दम्पति बाट ४ छोरी र १ छोराको जायजन्म भएकोमा सबै छोरा छोरीहरुको विवाह दान भईसकेको हुँदा बाबा आमाको शेखपछी म शिवराज बरालले नै भोगचलन गर्दै आईरहेको उल्लेखित जग्गाको नजिकको हकदारमा मृतक बाबु आमाको एक मात्र छोरा शिवराज बराल निवेदक रहेको भनि बडा सिफारिस लगायतका कागजात बाट खुलि आएकोले उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरीपाउँ भनी कास्की जिल्ला साविक सराङ्गकोट ९ हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने शिवराज बरालले यस कार्यालयमा माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारबाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

**तपसिल:**

| जिल्ला | गाविस | वडा | कि.नं. | क्षे.फ. | विरह | किसिम | फिल्डबुक को व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | ग्यारजाती | ८ | ३८१ | ०-९-२-१ | खर | चाहार | देउमाया बराल |

**इति सम्बत् २०८२ साल साउन महिनाको २१ गते रोज ४ शुभम्**

# कोरोनाको बन्दाबन्दीमा चित्रकार बनेकी कृपा

**जमुना वर्षा शर्मा**
पोखरा, २३ साउन/रासस

कोरोना महामारीले विश्व आक्रान्त थियो । बन्दाबन्दी (लकडाउन)का कारण विश्वको अर्थतन्त्र सुस्ताउँदो थियो भने अवसरहरु खुम्चिँदै थिए । विदेशी पर्यटकले सधै गुल्जार हुने पर्यटकीय नगरी पोखरा सुनसान बनेको थियो । लम्बिँदै गएको लकडाउनका कारण मानिसहरुमा निराशा बढ्दो थियो ।

त्यही समयमा पोखरा-१३, कुँडहरकी कृपा श्रेष्ठको जीवन नयाँ अध्यायमा प्रवेश गर्‍यो । लकडाउनले बनाएको फुसर्दिलो दैनिकीमा उहाँ रहरले क्यानमासमा खेल्न थाल्नुभयो । मनमा दबिएका भावनालाई ब्रसमार्फत क्यानभासमा पोख्ने उहाँको रहर यतिबेला उहाँको पहिचान बनेको छ । वर्षौंदेखि मनको कुनामा थन्किएका उहाँका सिर्जना जब सबैको आँखामा देखिन थाले, उहाँको जीवनले सफलताको नयाँ रङ देख्न थाल्यो । “लामो समयसम्म सेतो कागजमा रङ्गविहीन सपना कोरेरै चित्त बुझाएकी थिएँ”, श्रेष्ठले भन्नुभयो, “कोभिडले मलाई आफैंभित्रको कलाकारसँग भेट गराइदियो, यो आफूलाई चिन्ने एउटा सुनौलो अवसर थियो ।” डेनमार्कमा लिडरसीप विषयमा स्नातक सकेर सात वर्ष पश्चात सन् २०१७ मा नेपाल फर्किएपछिको उहाँको दैनिकी सामान्य अवस्थामै चलिरहेको थियो । पारिवारिक जिम्मेवारी पूरा गर्दै दिन बितिरहेका थिए । सन् २०२० मा जब कोभिड महामारीले सबैलाई घरभित्रै सीमित बनायो, उहाँ पनि अरु जस्तै लकडाउनको बन्दी हुनुभयो । एक दिन बच्चालाई पढाउने बहानामासँगै टेबलमा बस्नुभयो । त्यो अप्रिलको महिना थियो, उहाँलाई अझै याद छ । त्यही समयमा उहाँले एउटा कागजमा मण्डला कोर्नुभयो । रहरमा कोरिएको चित्र यति सुन्दर बन्यो कि उहाँ आफैं अचम्ममा पर्नुभयो । “आहा ! मैले यति राम्रो मण्डला बनाएँ भन्नुभयो”, उहाँले कोरोनाकाल सम्झनुभयो । त्यही दिनदेखि उहाँको जीवनमा नयाँ अध्याय सुरु भएको हो भन्नुहुन्छ उहाँ । त्यसअघिका दिनमा अरुका कला हेरेर दङ्ग पर्ने उहाँ आफूभित्र नै कला कोर्ने अद्भूत क्षमता छ भन्ने कहिल्यै लागेन । यसपछिका दिनमा उहाँले आफूलाई एक कलाकारको रूपमा नयाँ परिचय दिनुभएको छ ।



दिउँसो घरको जिम्मेवारी र रातको सुनसान समय उहाँको क्यानभास बन्यो । सुरुमा कालो-सेतो (मोनोक्रोम) चित्र बनाउँदै गर्दा रङसँग खेल्दै क्यानभासमा हराउने उहाँको बानी भयो । उहाँलाई आकाशको नीलो र धर्तीको हरियो रङ्गसँगको सामिप्यता निकै मनपर्छ । “मेरा सिर्जनाहरू केवल चित्र मात्र होइनन्, भावना र विचारका अभिव्यक्ति हुन्, स्वतन्त्रता, महिला सशक्तीकरण, विद्रोह, शान्ति, प्रकृति र संस्कृति जस्ता विषय मैले बनाएका कलामा भेटिन्छन्”, उहाँले भन्नुभयो ।

आफूले कोरेका चित्रमा बारम्बार प्रयोग हुने गोलाकार आकृतिहरू यही ब्रह्माण्डीय सम्बन्धको प्रतीक रुपमा लिन सकिने उहाँको भनाइ छ । उहाँ कहिलेकाही दिन रात नभनी कलामा डुबेर काम गर्नुहुन्छ । कुनै चित्र दुई/चार दिनमै तयार भएका छन् भने कुनै चित्र महिनौं समय खर्चिर पनि बनेका छन् ।

कृपाले आजसम्म औपचारिक एकल कला प्रदर्शनी गर्नुभएको छैन । यद्यपि विभिन्न आर्ट प्रर्दशनीमा उहाँको कलाले कलापारखीहरूको मन जित्न सफल भएको छ । उहाँको पहिलो चित्र, ‘सेभेन चक्र अफ लाइफ’ थिममा बनेको बुद्धको डट मण्डला, सात हजार रुपैयाँमा बिक्री भयो । त्यसपछि उहाँको कलाको माग बढ्दै गयो र व्यावसायिक यात्राको बाटो खुल्यो । अक्रेलिक रङमा रमाउने उहाँले अहिलेसम्म दुई सयभन्दा बढी चित्र सिर्जना गरिसक्नुभएको छ भने उहाँले ५० भन्दा बढी चित्र बिक्री गरिसक्नुभएको छ । उहाँका चित्रकला रु ७० हजारसम्ममा बिक्री भएका छन् । उहाँलाई १७ वर्षीय छोरीले कलायात्रालाई लाग्न प्रेरित गरिरहेको उहाँको भनाइ छ । त्यसबाहेक आभ्या क्लब र यसका प्रबन्ध निर्देशक निरोज लामाको भूमिकालाई उहाँ विशेष सम्झनुहुन्छ । आभ्या क्लबमा कार्यक्रम संयोजकको रूपमा काम गरिरहँदा एउटा कला सिर्जनाका लागि खुला वातावरण मैत्रीपूर्ण साथ र हौसलाले उहाँलाई आफ्नो जिम्मेवारीको अलावा कार्यक्षेत्रमै कला कोर्न वातावरण बनाइदिएको छ । सन् २०२३ मा आभ्याले एउटा आर्टवर्क सप गर्‍यो जसले उहाँलाई थप हौसला मिल्यो । अहिले क्लबका भित्तामा सजिएका उहाँका चित्रले आगन्तुकहरूको ध्यान खिच्छ र बिक्रीमा सहजता मिलेको छ । कृपा आफूलाई एक सिकारु कलाकार नै मान्नुहुन्छ । उहाँ भन्नुहुन्छ “कलाको यात्रा कहिल्यै सकिँदैन, म अझै सिक्दैछु ।” हाल उहाँ समसामयिक विषयवस्तु र सांस्कृतिक मौलिकतालाई आफ्नो कलामा उतार्न अध्ययन अनुसन्धान गरिरहनुभएको छ । कृपा पोखराका कलाकारहरू बात्सायन, यादवचन्द्र भूर्तेल र हेरराम जोजिजुबाट प्रेरित हुनुहुन्छ । साथै, एरिका ताम्राकारको कला उहाँलाई मनपर्छ । श्रेष्ठ अहिले पोखराको एक वेलनेस स्टुडियोका लागि विशाल क्यानभासमा काम गरिरहनुभएको छ । जसमा उहाँले गुरुङ संस्कृतिको पहिरनमा सजिएकी एक आधुनिक युवतीको चित्रमार्फत संस्कृति र आधुनिकताको सुन्दर संयोजन प्रस्तुत गर्दै हुनुहुन्छ । उहाँको धैर्य, दर्शन र समर्पणले उहाँलाई एक कलाकार मात्र होइन, अरूका लागि प्रेरणाको स्रोतसमेत बनाएको छ । उहाँ भन्नुहुन्छ, “मलाई लाग्छ, म सही समयमा, सही काम, सही तरिकाले गरिरहेको छु ।” कलामा आफू अझै पनि अनुसन्धान र सिकाइकै चरणमै रहेको बताउनुहुने श्रेष्ठले समसामयिक विषयलाई आफ्नो कलामा उतार्न थप मेहनत गरिहनुभएको छ । “हतार गरेर हिँड्दा धेरै कुरा पछाडि छुट्छन्, म अहिलेस्थिर भएर आफ्नो समय आफू र आफ्नो पेन्टिङमा दिइरहेको छु, म अझै सिक्दै छु”, उहाँले भन्नुभयो ।

# घरेलु मदिरालाई ‘ब्राण्डिङ’ र बजारीकरण गर्दैं गण्डकी सरकार

**राम थापा**
गण्डकी, २३ साउन/ रासस

लामो समयदेखि बहसमा रहेको गाँजाखेती र घरेलु मदिरालाई वैधता दिन गण्डकी प्रदेश सरकारले कानुन निर्माणको प्रक्रिया अगाडि बढाएको छ । यसअघि प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममार्फत गाँजाखेती र घरेलु मदिरालाई कानुनी मान्यता दिने घोषणा गरेको थियो । औद्योगिक उत्पादन र औषधिजन्य प्रयोजनका लागि गाँजाखेती खुला गर्ने गरी प्रदेश सरकारले विधेयकको मस्यौदा तयार पारेको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको कानुन तथा संवैधानिक मामिला महाशाखाका सचिव रामजी दनाईले मस्यौदामाथि प्रारम्भिक छलफल सुरुआत भएको बताउनुभयो । “मुख्यमन्त्रीसहित सरोकार भएका पक्षहरुबीच एक चरण छलफल भइसकेको छ, मस्यौदा थप परिमार्जन तथा संशोधन हुनसक्छ”, उहाँले भन्नुभयो, “सेवनका लागि नभई गाँजाको औद्योगिक र औषधीजन्य उत्पादनलाई मात्र वैधता दिने गरी प्रदेश सरकारले कानुन ल्याउन लागेको हो ।”

प्रदेश सरकारका मन्त्री, प्रदेशसभा सदस्य, राजनीतिक दलकानेता, विधेयकको प्रारम्भिक मस्यौदातयारीमा प्रदेश सरकारलाई सहयोग गरिरहेको नेपाल कानुन समाजका पदाधिकारीलगायत सम्मिलित उक्त बैठकमा गाँजाखेतीलाई कानुनी मान्यता दिनुपर्नेमा एकमत देखिएको थियो । सचिव दनाईले प्रस्तावित विधेयकको खाकाले पूर्णता पाइनसकेकाले ऐन निर्माणको प्रक्रियाले केही समय लिने बताउनुभयो । लागूऔषध सम्बन्धी सङ्घीय ऐन र अन्य प्रचलित कानुनसँग नबाझिने गरी कानुन ल्याउनुपर्ने उहाँको भनाइ छ ।

प्रस्तावित विधेयकमा गाँजाखेती र व्यवसायका लागि कडा प्रावधान राखिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । प्रदेश सरकारले गाँजाखेती सम्बन्धी नौ प्रकारका इजाजत दिने गरी विधेयकको मस्यौदा तयार पारेको हो । जसमा प्रतिव्यक्ति निवेदन दस्तुरको रु. पाँच हजारदेखि खरिद बिक्रीसँगै आयात निर्यातका लागि रु. एक करोड ५० लाखसम्म तिरेर अनुमति लिनुपर्ने पाउने व्यवस्था गरिएको छ ।

गाँजाखेतीकालागिमुख्यमन्त्रीतथा मन्त्रिपरिषद् कार्यालयकाबाट अनुमति लिनुपर्ने र सोको अन्तिम निर्णय गर्ने अधिकार मुख्मन्त्रीमा रहने गरी विधेयमा प्रस्ताव गरिएको छ । अनुमतिबिना गाँजाखेती, ओसारपसार र बिक्रीवितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ । गाँजाजन्य पदार्थको विज्ञापन गर्न नपाइने तर रेशाबाट बनेका कपडा, तेल, महल जस्ता औद्योगिक उत्पादनको भने विज्ञापन गर्न पाइने व्यवस्था गरिएको छ । गाँजाखेती व्यवस्थापन र नियमनका लागि शक्तिशाली ‘ गाँजा नियमन बोर्ड’ गठनको प्रस्ताव गरिएको छ ।

लुकीछिपी उत्पादन र बिक्री वितरण भइरहेको घरेलु मदिरालाई पनि नियमन तथा व्यवस्थापन गर्न प्रदेश सरकार ऐन ल्याउने तयारीमा छ । सो सम्बन्धी विधेयक विषयतगत समितिबाट पास भई दफाबार छलफलका लागि प्रदेशसभामा पेस गरिएको छ ।

उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले अर्थ विकास समितिमा विज्ञहरुसहित सरोकार भएका पक्षहरुबीच दफाबार छलफल भएको बताउनुभयो । “प्रदेशसभा अधिवेशन सुरु हुनासाथ यस विधेयकमा दफाबार छलफल हुन्छ र विधेयक पारित गर्ने प्रकृया अगाडि बढ्छ”, उहाँले भन्नुभयो । प्रदेश सरकारले सोसम्बन्धी विधेयकलाई गत चैत १४ गते प्रदेशसभामा प्रस्तुत गरेको थियो । मन्त्री बस्यालले घरेलु मदिराको ‘ब्रान्डिङ’का लागि कानुनी प्रबन्ध गर्न लागिएको बताउनुभयो । मापदण्ड र गुणस्तर तय गरेर घरेलु मदिराको व्यावसायिक उत्पादनलाई खुला गर्न लागिएको हो । सङ्घीय कानुनसँग नबाझिने गरी विधेयकलाई पूर्णता दिइने मन्त्री बस्यालले बताउनुभयो । परम्परागतरुपमा घरघरमा बनाइँदै आएको मदिरालाई एकसाथ वैध घोषणा गर्दा गुणस्तर सुनिश्चितताको समस्या आउन सक्ने हुँदा व्यावसायिक उत्पादनलाई मात्र कानुनी दायरामा ल्याइने उहाँको भनाइ छ ।

प्रदेश सरकारले घरेलु मदिराको ‘ब्राण्डिङ’ र बजारीकरणलाई पनि आफ्नो वार्षिक नीति तथा कार्यक्रममा पनि समेट्दै आएको छ । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पनि पटकपटक घरेलु मदिरालाई ‘ब्राण्डिङ’ गरेर कानुनी मान्यता दिने बताउँदै आउनुभएको छ । पछिल्लो समय प्रदेश र स्थानीय तहले घरेलु मदिरालाई वैधानिकता दिनुपर्ने आवाज उठाउँदै आएका छन् । सर्वोच्च अदालतले केही वर्षअघि संस्कारजन्य कार्यका लागि एक परिवारले वर्षमा ३० लिटरसम्म उत्पादन गर्न पाउने फैसला गरे पनि व्यावसायिक उत्पादन र बिक्री वितरणका लागि घरेलु मदिरा वर्जित छ । मदिरा ऐन, २०३१ ले पनि घरेलु मदिरालाई वैधानिक मान्यता दिएको छैन ।

सोही ऐनमा टेकेर प्रहरीले बेलाबेला घरेलु मदिरा नष्ट गर्ने अभियान नै चलाउँछ । जनजाति समुदायको संस्कृतिसँग गाँसिएको र कतिपयको आयआर्जनको माध्यम बनेको घरेलु मदिरा जफत गरेको भन्दै प्रहरीकै आलोचना हुने गर्छ । वैज्ञानिक विधिबाट गुणस्तरीय घरेलु मदिरा उत्पादन र बजारीकरण गर्न सके राज्यलाई ठुलो आर्थिक लाभ मिल्ने मन्त्री बस्यालले बताउनुभयो ।

केही समयअघि गण्डकी विश्वविद्यालयले गरेको घरेलु मदिरा बनाउन प्रयोग हुने मर्चाको गुणस्तर निर्धारण अनुसन्धान सफल भएको थियो । प्रदेशका ११ वटै जिल्लाबाट रक्सी बनाउने विधिको अध्ययनसहित मर्चा सङ्कलन गरेर रासायनिक विश्लेषण गरिएको थियो । मर्चाको मापदण्ड र गुणस्तर कायम गरेर घरेलु मदिरालाई सुरक्षित बनाउन सकिने आधार अनुसन्धानबाट देखिएपछि प्रदेश सरकारले घरेलु मदिरालाई कानुनी मान्यता दिन लागेको हो ।

विधेयकमा घरेलु मदिरा उत्पादनका लागि प्रदेश सरकारबाट इजाजतपत्र लिनुपर्ने व्यवस्था गरिएको छ । व्यक्ति, फर्म वा कम्पनीले उद्योग दर्ता नगराई घरेलु मदिराको उत्पादन, संकलन, प्रशोधन, प्याकेजिङ, लेबलिङ तथा बिक्री वितरण गर्न मनाउने व्यवस्था गरिएको छ । धर्म, परम्परा, घरायसी प्रयोजन तथा निजी उपयोगका लागि वार्षिक ५० लिटरसम्म उत्पादन गर्न इजाजत पत्र लिनु नपर्ने व्यवस्था विधेयकमा रहेको मन्त्री बस्यालले जानकारी दिनुभयो । उद्योग दर्ता गराउन स्थानीय तहको सहमति, स्थान, आवश्यक पर्ने भाँडा, उपकरण, अन्न तथा फलफूल जस्ता कच्चा पदार्थको आपूर्ति गर्ने क्षेत्र उल्लेख गर्नुपर्ने विधेयकको मस्यौदामा उल्लेख छ ।

घरेलु मदिरालाई गण्डकी प्रदेश भित्रका कृषि सहकारीलेसमेत दर्ता गर्न सक्नेछन् । यस्तो मदिरामा अन्य मिसावट गर्न नपाइने स्पष्ट व्यवस्था विधेयकले गरेको छ । कोदो , फापर, उवा, जौ, गहुँ, मकै, स्याउ , सुन्तला, खुर्पानी, मौवा, अम्वा, लिची, ऐसेलु, चुत्रो, डिम्बर जस्ता अन्न र फलफूलबाट मदिरा बनाउन सक्ने व्यवस्था विधेयकमा छ । प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले घरेलु मदिरालाई कानुनी दायरामा ल्याउँदा स्थानीय अर्थतन्त्रमा ठूलो टेवा पुग्ने बताउनुभयो । मदिराको व्यावसायिक उत्पादनसँगै संस्कार र संस्कृतिलाई पनि ध्यान दिन जरूरी रहेको उहाँको भनाइ छ ।

# तनहुँ जलविद्युत् आयोजनाको मुख्य बाँधमा कङ्क्रिट निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, २३ साउन

तनहुँको ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत मुख्य बाँधका लागि ७३ हजार घनमिटर कङ्क्रिट निर्माण गरिएको छ । एक सय ४० मिटर अग्लो मुख्य बाँध बनाउनका लागि करिब नौ लाख घनमिटर कङ्क्रिट निर्माण गर्नुपर्नेमा हालसम्म ७३ हजार घनमिटरको काम सकिएको हो ।

मुख्य बाँधको कङ्क्रिटका लागि विसं २०८१ चैत ७ गतेदेखि काम सुरु भएको जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । आयोजनाको ‘प्याकेज-१’ अन्तर्गत व्यास नगरपालिका-५ र ऋषिङ गाउँपालिका-१ स्थित सेती नदी फर्काएर बाँध निर्माणलाई अघि बढाइएको उहाँले बताउनुभयो ।

एक सय ४० मिटर अग्लो बाँध निर्माणअन्तर्गत अहिले बाँधको फाउण्डेसनमाथि औसत १० मिटर उचाइसम्म कङ्क्रिटका ब्लकहरू उठाइसकिएको आयोजना प्रमुख भण्डारीले जानकारी दिनुभयो । उच्च बाँधको ठूलो कङ्क्रिटको तापमान नियन्त्रण अत्यन्त संवेदनशील मानिने भएकाले त्यसलाई ख्यालमा राखेर काम भइरहेको उहाँको भनाइ छ । विसं २०८० कात्तिक २० गतेदेखि जग खन्ने काम सुरु भएकामा विसं २०८१ असारमा सकिएको थियो । ऋषिङ गाउँपालिका-१ र व्यास नगरपालिका-५ सीमाना भएर बग्ने सेती नदीलाई १४० मिटर अग्लो कङ्क्रिट मुख्य बाँध निर्माणस्थलभन्दा माथिल्लो तटीय क्षेत्रबाट ६२६ दशमलव ९२ मिटर लामो सुरुङ निर्माण गरी फर्काएर काम थालिएको भण्डारीले जानकारी दिनुभयो ।

“डाइभर्सन सुरुङमार्फत फर्काइएको पानीलाई मुख्य बाँध निर्माणस्थलबाट तल्लो तटीय क्षेत्र हुँदै पुनः सेती नदीमा खसालिएको थियो । बाँध निर्माणका लागि नदी फर्काउने कामलाई महत्त्वपूर्ण मानिएको छ”, उहाँले भन्नुभयो ।

विसं २०७८ भदौ १४ गतेदेखि प्याकेज-१ अन्तर्गत १४० मिटर अग्लो बाँध निर्माण सुरु भएकामा हालसम्मको प्रगति ४३ दशमलव पाँच प्रतिशत रहेको आयोजना कार्यालयले जनाएको छ । भण्डारीका अनुसार ‘प्याकेज-२’ अन्तर्गतको विद्युत् गृहभित्र संरचनागत कार्यहरू सम्पन्न भएर उपकरण जडान भइरहेको छ । ‘प्याकेज-२’ अन्तर्गत भूमिगत विद्युत्गृहमा ६७ र ‘प्याकेज-३’ अन्तर्गत प्रसारणलाइन निर्माणमा ७४ प्रतिशत प्रगति भएको उहाँले जानकारी दिनुभयो ।

आयोजनाको समग्र निर्माण विसं २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ । पुँजी संरचना तथा वित्तीय व्यवस्थापनसहित आयोजनाको कुल लागत (प्रसारणलाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको व्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलर अनुमान गरिएको छ ।

एसियाली विकास बैंक (एडीबी)ले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकारअन्तर्गत नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको आयोजना कार्यालयले जनाएको छ ।


## श्री भद्रकाली माध्यमिक विद्यालय

**कुँडहर, पोखरा-१३**

## आवश्यकता

यस **श्री भद्रकाली माध्यमिक विद्यालय**, पोखरा-१३, कुँडहरका लागि निम्न अनुसारको आवश्यकता परेकोले इच्युक योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

१. **क. विज्ञापन नं** १/२०८२/०८३ (**शिक्षक, निजी करार, प्रा.वि तृतीय**)
**ख. विज्ञापन नं** २/२०८२/०८३ (**प्रयोगशाला सहायक, निजी करार–आंशिक**)
२ **पद सख्या:** १/१ जना
३ **आवश्यक न्यूनतम योग्यता:** विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण वा सो सरह ।
४. **विशेष योग्यता:** माथिल्लो योग्यता भएका र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।
५. **उमेर** : १८ पूरा भई ४० वर्ष ननाघेको ।
६. **तलब भत्ता:** विद्यालयको नियमानुसार ।
७. **परीक्षाको किसिम:** लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
८. **परीक्षा दस्तुर:** ५००/- (अक्षरेपी पाँच सय मात्र ।)
९. **दरखास्त आइपुग्नुपर्ने अन्तिम मिति:** २०८२/०४/२९ गते बिहीबार (३:०० बजे भित्र
१० **सम्पर्क मिति:** २०८२/०४/३० गते, शुक्रबार ।
११ **पेश गर्नुपर्ने कागजातहरु:**
-हस्तलिखित निवेदन ।
-नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
-सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।
१२. **थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्नुपर्नेछ वा मो. ९८५६०७०४९८ मा सम्पर्क गर्न सकिने छ ।**